## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग (२) सँग सम्बन्धित)


हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: ८ मिति: २०७८/१०/०३

**भाग-४**

**हेलम्बु गाउँपालिका**


**हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७८/०९/२९ मा पारित**

## एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७७ मा संशोधन

हेलम्बु गाउँ कार्यपालिकाले एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७ (यस पछि मुल कार्यविधि भनिने) को दफा १४ को अधिकार प्रयोग गरी देहाय बमोजिमको दफा र उपदफामा संशोधन गरेको छ ।

१. **मूल कार्यविधिको दफा ५ को उपदफा (२) मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (२)मा देहायको संशोधन गरिएको छः-

क. उपदफा (२) मा रहको "सम्बधित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा" भन्ने शब्दहरुको सट्टा "कार्यालयले त्रैमासिक रुपमा बैंक मर्फत सम्बन्धित एकल पुरुषको खातामा भुक्तानी" भन्ने शब्दहरु राखिएको छ ।

२. **मूल कार्यविधिको दफा १३ मा संशोधनः** मूल कार्यविधिको दफा १३ को मा देहायको संशोधन गरिएको छः-

क. दफा १३ मा रहको "वडा कार्यालयले चौमासिक" भन्ने शब्दहरुको सट्टा "बैंकले पञ्जीकरण शाखा मर्फत त्रौमासिक" भन्ने शब्दहरु राखिएको छ ।

आज्ञाले

विष्णुहरि तिमल्सेना

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. ५।- मात्र